# बैठक नं.९३

आज मिति २०७८ जेष्ठ ०४ गते मंगलबार दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, का.वा अध्यक्ष वडा न. ७ | श्री भुना परियार | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

दोश्रो लहरको कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाबाट ५ वटा पोर्टेबल भेन्टिलेटर (Portable Ventilator - BIPAP) र ५ वटा अक्सिजन कन्सन्ट्रेटर (Oxygen Concentrator) खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.२

हाल अक्सिजनको अभावका कारण कोरोना  विरामीहरुले आफ्नो ज्यान गुमाउनु परेको अवस्थालाई मध्यनजर गर्दै दैनिक रुपमा ५०-६० वटासम्म ठूला अक्सिजन सिलिण्डर भरिने गरी अक्सिजन उत्पादन क्षेमता भएको अक्सिजन प्लान्ट (Oxygen Plant) खरिद गरी नगरपालिकाको सहयोगमा आईसोलेसन वार्ड संचालन गरिरहेको कीर्तिपुर अस्पतालमा जडान गर्ने निर्णय गरियो  र सो अक्सिजन प्लान्ट (Oxygen Plant) खरिदका लागि बजेटको सम्बन्धमा विनियोजन ऐनमा नगरपालिकाको नयाँ भवनको लागि विनियोजित बजेट रू. १ करोडबाट व्यवस्थापन गर्ने र ७ दिने सूचना प्रकाशन खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.३

यस नगरपालिकासँगको समन्वयमा त्रि.वि मा सञ्चालित आइसोलेशन हाल नेपाल सरकारद्वारा नै संचालन भइरहेको र करिव भरिएको अवस्थामा नयाँबजार स्थित कवर्ड हलमा  आईसोलेसन सेन्टर स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस नगरपालिकाको सहयोगमा कीर्तिपुर अस्पतालमा १८ वेडको आईसोलेसन वार्ड संचालन भईरहेकोमा २२ वटा वेड थप गरी ४० वेडको आईसोलेसन वार्ड संचालन गर्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.५

दोश्रो लहरको कोरोना महामारीले हाल सृजना गरेको भयावह अवस्थामा नगरपालिकामा रहेको एम्बुलेन्स संचालन गरी नगरवासीहरुलाई २४ सै घण्टा निःशुल्क कोभिड एम्बुलेन्स सेवा दिनका लागि नगरपालिकामा हाल सो अनुरुपको जनशक्ति नभएकोले कोभिड एम्बुलेन्स चालकहरुको व्यवस्थापनका निम्ति मिति २०७८/०१/२२ र मिति २०७८/०१/२७ मा भएको नगर प्रमुख स्तरिय छोटो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

हाल अक्सिजनको अभावका कारण कोरोना विरामीहरुले आफ्नो ज्यान गुमाउनु परेको अवस्थालाई मध्यनजर गर्दै वडा नं.६ का वडा अध्यक्ष श्री न्हुच्छे बहादुर महर्जनको संयोजकत्त्वमा तपशील बमोजिमका सदस्यहरु रहने गरी "अक्सिजन व्यवस्थापन कार्यदल" गठन गर्ने निर्णय गरियो ।

तपशीलः

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री न्हुच्छे बहादुर महर्जन, वडा नं.६ वडा अध्यक्ष | संयोजक | |
| २ | श्री विनोद महर्जन, वडा नं.८ वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री गंगाराम महर्जन, वडा नं.९ वडा अध्यक्ष | सदस्य | |